सात्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

गाउँकार्यपालिका बैठक संख्या ०६/०८२।८३

आज मिति २०८२ चैत्र १२ गते बिहीबारका दिन बिहान ८:०० बजे गाउँपालिका का.बा. अध्यक्ष श्री अस्मिता कुलुङ राई ज्यूको अध्यक्षतामा देहाय बमोजिम उपस्थितीमा कार्यपालिका बैठक सम्पन्न भयो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री अस्मिता कुलुङ | काबा अध्यक्ष | |
| २ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ३ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | |
| ४ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | |
| ५ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | |
| ६ | श्री शिवकुमार राई | वडाध्यक्ष वडा नं. ५ | |
| ७ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | |
| ८ | श्री सुरज राई | कार्यपालिका सदस्य | |
| ९ | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | |
| १० | श्री निमदिकी शेर्पा | कार्यपालिका सदस्य | |
| ११ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १२ | श्री कलावती राई | कार्यपालिका सदस्य | |
| १३ | श्री उर्मिला विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १४ | श्री गुलाब बावु साह | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षार |
|---|---|---|---|
| १ | नवराज बास्तोला | लेखा[redacted] अधिकृत | |
| २ | सुस्मा अधिकारी | अधिकृत छैटौं | |
| ३ | निरज अधिकारी | सुचना प्रविधि अधिकृत | |
| ४ | श्री मणिकुमार श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर माइनेट लेखन | |
| ५ | श्री धिर वहादुर बुढाथोकी | [illegible] | |

# अनुसुची -१

<u>प्रस्तावको ढाँचा</u>

(वुंदा ५.२ संग सम्बन्धित)

**साल्पासिलिछो गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भोजपुर, कोशी प्रदेश, नेपाल**

**विषय: बैठकमा प्रशताव पेश गरिएको सम्बन्धमा ।**

**प्रशताव पेश गर्न का.बा.अध्यक्षबाट स्वीकृती प्राप्त मिति २०८२।१२।१२**

**प्रस्ताव नं. १, प्रमुख प्रशासकीय अधिकृत सम्बन्धमा ।**

**प्रस्ताव नं. २, गुराँस हाईड्रो लि. को राजश्व छुट सम्बन्धमा ।**

**प्रस्ताव नं. ३, LGPAS सम्बन्धमा ।**

उर्मिला

## निर्णयहरुः

### निर्णय नम्बर १ (एक)

प्रस्ताव नं १ माथि छलफल गर्दा साल्पासिलिछो गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा २०८२ भाद्र २२ गते संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट खटिइ आउनु भएको राजपत्राङ्कीत तृतीय श्रेणीका विनोद कुमार भण्डारी मन्त्रालयबाट बढुवा भइ यस कार्यालयबाट मिति २०८२/११/२५ गते रमना लिइसक्नु भएको र हालसम्म पनि मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्नका लागि नखटाउदा कार्यालयको आर्थिक तथा प्रशासनिक काममा बाधा उत्पन्न भएको हुनाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ को उपदफा ३ बमोजिम प्रमुख प्रशासकीय अधिकृत नियुक्ती नभएसम्मका लागि दफा ८४ को उपदफा ४ बमोजिम साल्पासिलिछो गाउँपालिकाको स्थानीय सेवा शिक्षा प्रशासन शिक्षा अधिकृत साँतौ तहका श्री गुलाव बाबु साह (ना.प्र.नं. १७१०१९/१९८) लाई यस गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतको रुपमा कामकाज गर्नेगरी खटाउनका लागि मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरियो ।

### निर्णय नम्बर २ (दुई)

प्रस्ताव नं. २ माथि छलफल गर्दा गुराँस हाईड्रो लि. धोबिघाट ३ ललितपुर नेपालले साल्पासिलिछो गाउँपालिकामा दिएको निवेदन अनुसार गुराँस हाईड्रो लि. द्वारा साल्पासिलिछो गाउँपालिका वडा नं. १ कुलुङमा प्रवर्द्धन गरिएको संखुवा खोला जलविद्युत आयोजना (४१.०६ मे.वा.) निर्माणका लागि अवस्यक पर्ने जग्गा खरिद गर्नका लागि नेपाल सरकार, कोशी प्रदेश सरकारको मिति २०८१/०३/१३ गतेको प्रकाशित कोशी प्रदेश राजपत्रको खण्ड ८ भाग १ को घ विविधको नं. २ मा उल्लेख भए अनुसार देहायको कम्पनीको नाममा जग्गा खरिदको लिखत पारित गर्दा सोमा लाग्ने शुल्कमा ५० प्रतिशत छुटका लागि सम्बन्धीत कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो ।

तपशीलः

१. गुराँस हाईड्रो लिमिटेड ।
२. कुलुङ्ग ईन्फ्रास्ट्रक्चर सर्भिसेज प्रा.लि. ।
३. एस.जि. अर्गनाईजेसन प्रा.लि. ।
४. बरुण ईन्भेष्टमेन्ट प्रा.लि ।

CamScanner

## निर्णय नम्बर ३ (तीन)

प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय शासन कार्यसम्पादन मूल्याकन प्रणाली LGPAS मा प्रविष्टी गर्ने क्रममा प्रणालीमा समस्या आएको कारण कागजात प्रविष्टी गर्न नसकीएकोले उक्त कार्य निर्धारित समय भित्र नसकिने भएको हुँदा प्रविष्टी गर्ने समयसिमा थप गरिदिन सिफारिस गर्ने निर्णय गरियो ।

## सााल्पासिलिछो गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भोजपुर कोशी प्रदेश नेपाल

### गाउँकार्यपालिका बैठक संख्या ०७/०८२।८३

आज मिति २०८२ साल चैत्र २७ गते नेपाल सम्वत् ११४६ चौलागा अष्टमी शुक्रवार गाउँपालिका अध्यक्ष श्री दौलथ कुलुङ को अध्यक्षतामा देहायको उपस्थितीमा गाउँकार्यपालिका बैठक बसी तपशीलका प्रस्ताव माथि छलफल गरि निर्णय गरियो ।

उपस्थिती

| क्र.सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दौलथ कुलुङ | अध्यक्ष | |
| २ | श्री अस्मिता कुलुङ राई | उपाध्यक्ष | |
| ३ | श्री गणेश बुढाथोकी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री गणेश खत्री | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री विनोद राई | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री संजय राई | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री शिव कुमार राई | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री विक्रम बन सन्यासी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री सुरज राई | कार्यपालिका सदस्य | |
| १० | श्री दिल कुमार राई | कार्यपालिका सदस्य | |
| ११ | श्री निमदीकी शेर्पा | कार्यपालिका सदस्य | |
| १२ | श्री देशमाया दर्जी | कार्यपालिका सदस्य | |
| १३ | श्री कलावती राई | कार्यपालिका सदस्य | |
| १४ | श्री उर्मिला बिश्वकर्मा | कार्यपालिका सदस्य | |
| १५ | श्री मणिराम खतिवडा | सचिव | |

अन्य उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षार |
|---|---|---|---|
| १ | मणिकुमार श्रेष्ठ | सहायक कम्प्यूटर अपरेटर माइनेट लेखन | |
| २. | निरज अधिकारी | सूचना.प्र. अधिकृत | |
| | | | |

अनुसूची -

**प्रस्तावको ढाँचा**

**बुँदा नं. ५२ सँग सम्बन्धित**

**साल्पासिलिछो गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**भोजपुर, कोशी प्रदेश, नेपाल**

विषय: बैठकमा प्रस्ताव पेश गरिएको सम्बन्धमा ।

प्रस्ताव पेश गर्न अध्यक्षबाट स्वीकृती प्राप्त मिति २०८२।१२।२७

प्रस्ताव नं. १, यस अघिको कार्यपालिका बैठकको कार्यान्वयन सम्बन्धमा ।

प्रस्ताव नं. २, अनुगमन प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ३, आयोजनाको भुक्तानी तथा भेरिएसन सम्बन्धमा ।

प्रस्ताव नं. ४, प्रदेश योजना बैठकमा समावेश गर्ने योजना तथा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ५, प्रदेश समपूरक अनुदान माग गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६, ऐतिहासिक गोलेबजार खेल मैदान निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. ७, स्वास्थ्य चौकी कुलुङमा सामाग्री खरिद सम्बन्ध ।

प्रस्ताव नं. ८, राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागिताका लागि थप रकम सम्बन्धमा ।

प्रस्ताव नं. ९, अपाङ्गता प्रोत्साहन सम्बन्धी कार्यविधि सम्बन्धमा ।

प्रस्ताव नं. १०, बेरुजु सम्बन्धमा।

प्रस्ताव नं. ११, विविध सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नम्बर १ (एक)

गाउँ कार्यपालिकाको यस अघि भएको निर्णय कार्यन्यन सम्बन्धमा समीक्षा गरियो यस अगाडी भएका निर्णयहरु कार्यन्वयनमा आवस्यक पहल गर्ने।

निर्णय नम्बर २ (दुई)

गाउँपालिका अन्तर्गत हालसम्म गाउँपालिका अध्यक्ष/उपाध्यक्ष/प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धीत वडाबाट अनुगमन गरी पेश भएको अनुगमन प्रतिवेदन/सिफारिस/निर्णय बमोजिम कार्यान्वयन गरेको कार्य/कारोबारको अनुमोदन गर्ने ।

निर्णय नम्बर ३ (तीन)

यस गाउँपालिका अन्तर्गत सञ्चालित योजना तथा कार्यक्रमहरुको आवस्यकता अनुसार गाउँपालिका अध्यक्ष/प्रमुख प्रशासकीय अधिकृतबाट Variation आदेश स्वीकृत गरी हालसम्म कार्यन्वयन गरिएको कामकाज/कारोबारको अनुमोदन गर्ने ।

निर्णय नम्बर ४ (चार)

कोशी प्रदेश प्रदेश योजना आयोगको पत्र संख्या ०८२/०८३ चलानी नं. ३२७ मिति २०८२/१२/२६ को पत्रानुसार आयोजनाको बर्गीकरण आधार तथा मापदण्ड निर्धारण र आयोजना बैक ब्यबस्थापन कार्यविधि २०८२ को परिच्छेद ५ दफा १३ बमोजिम देहायका आयोजनाहरु आ.ब. २०८३/०८४ प्रदेश आयोजना बैक सूचना प्रणालीमा प्रवृष्टी गर्ने ।

तपशीलः

| वडा नं. ५ दोभाने | | | |
|---|---|---|---|
| क्र.स. | आयोजनाको नाम | अनुमानित लागत | कैफियत |
| १ | फेदी जौवारी फोक्टे सडक निर्माण | १ करोड | |
| २ | राममाटे बेवा खोलामा मोटरएवल पुल निर्माण | १ करोड | |
| ३ | फेदी सानो खोलामा मोटरएवल पुल निर्माण | १ करोड | |
| ४ | दोभाने देखी विल्माटेसम्म सडक स्तरउन्नती | १ करोड | |
| ५ | साल्पासिलिचुङ पर्यटन संरक्षण तथा पर्यटन प्रर्वधन विकास केन्द्र पर्यटक आवास भवन निर्माण | ५० लाख | |
| ६ | सिल्वास विड्मा झो पु निर्माण | २५ लाख | |
| ७ | कृषि उत्पादन संकलन भवन निर्माण | २५ लाख | |
| ८ | फेदी आधारभुत स्वास्थ्य कन्द्र भवन निर्माण | २५ लाख | |
| ९ | पिवाखोला सिंचाइ निर्माण | २५ लाख | |
| १० | आहाले मातेल सडक स्तरउन्नती | १ करोड | |
| ११ | वडा खेल मैदान निर्माण | २५ लाख | |

CamScanner

| | | | |
|---|---|---|---|
| १२ | बिल्माटे साल्पा गोरेटो बाटो निर्माण | २५ लाख | |
| १३ | तल्लो मातेल सिंचाइ निर्माण | २५ लाख | |
| वडा नं. ६ दोभाने | | | |
| क.स. | आयोजनाको नाम | अनुमानित लागत | कैफियत |
| १ | सालेवा-याङ्मा-ओखरबोटे-बलौटे हुँदै खोटाङ जोड्ने सडक स्तरउन्नती तथा ट्र्याक ओपन | १ करोड | |
| २ | खुदुरके खामदाक ओसेप्ला खानेपानी आयोजना | २५ लाख | |
| ३ | भालुगौंडे खानेपानी आयोजना | २५ लाख | |
| ४ | सालेवा खेलमैदान निर्माण | २५ लाख | |
| ५ | नवदिश्वर शिवालय मन्दिर घेराबारा तथा व्यवस्थापन | २५ लाख | |
| ६ | सामुदायिक भवन निर्माण सालेवा | २५ लाख | |
| ७ | सालेवा मावि मञ्च निर्माण तथा टायल व्यवस्थापन | २५ लाख | |
| ८ | भकुवा सिंचाइ थुम्लुङ आयोजना | २५ लाख | |
| ९ | अन्तन जातको पशु विकास कार्यक्रम (गाई) | २५ लाख | |
| १० | सालेवा-दामथला-हाउडाँडा-गोरुजुरे-लौरेथाम हुदै साल्पासिलिचुङ पदमार्ग निर्माण | ५० लाख | |
| १२ | साल्पासिलिछो गाउँपालिका वडा सभाहल भवन निर्माण | २५ लाख | |
| १३ | ओसेप्ला भमला जोड्ने झो पु निर्माण | २५ लाख | |
| १४ | थुम्लुङ सेमेङखु झो पु निर्माण | २५ लाख | |
| १५ | जनमित्र आवि घेराबारा तथा खेलमैदान निर्माण | २५ लाख | |
| वडा नं. ४ खाटाम्मा | | | |
| क.स. | आयोजनाको नाम | अनुमानित लागत | |
| १ | चौकिडाँडा मेम्पाङ्क ओसेप्ला डिलखर्क मातेल फेदी जोड्ने सडक स्तरउन्नती | १ करोड | |
| २ | साल्पासिलिछो ३ र ४ जोड्ने माथिल्लो वेङ्खुवाखोलामा मोटरएवल पुल निर्माण | १ करोड | |
| ३ | बज्जरे खोला सिंचाई | २५ लाख | |
| ४ | ओसेप्ला तालखर्क ट्र्याक ओपन | १ करोड | |
| ५ | मेम्पाङ् वडा कार्यालय लिमखिम मातेल बोखुम्मा फेदी सडक स्तरउन्नती तथा ट्र्याक ओपन | १ करोड | |
| ६ | वडा कार्यालय घेराबारा | २५ लाख | |
| ७ | लिबुटार खेलमैदान व्यवस्थापन | २५ लाख | |
| ८ | सुम्निमा पारुहाङ पार्क निर्माण | २५ लाख | |
| ९ | सोराने मातेल झो पु निर्माण | २५ लाख | |

| | | | |
|---|---|---|---|
| १० | सुन्तला बेसार इन्लो खोर्सानी खेती विस्तार | २५ लाख | |
| ११ | मेम्पाङ बेहुवा खोला ढल तथा नाली निर्माण | ५० लाख | |
| १२ | मेम्पाङ वडा कार्यालय कुश्मा स्यालखोर ओरेप्ला हुँदै चौकीडाँडा रिङरोड स्तरउन्नती | १ करोड | |
| वडा नं. २ कुलुङ | | | |
| क्र.स. | आयोजनाको नाम | अनुमानित लागत | |
| १ | सहकारी ठोटनेरी तामलुङ मोटरबाटो स्तरउन्नती | १ करोड | |
| २ | जिमिगाउँ त्यालुङ देउराली मोटरबाटो स्तरउन्नती | १ करोड | |
| ३ | सभाहल निर्माण सहकारी क्षेत्र | २५ लाख | |
| ४ | वडा खेल मैदान निर्माण | २५ लाख | |
| ५ | पात्ले खानेपानी मुहान आयोजना | २५ लाख | |
| ६ | लसुने मुहान खानेपानी योजना | २५ लाख | |
| ७ | महिला विकास भवन निर्माण | २५ लाख | |
| ८ | ब्याडमिण्टन कवर्डहल निर्माण | २५ लाख | |
| ९ | ढाडे ठुलो खण्ड कुलो सिंचाइ निर्माण | २५ लाख | |
| १० | सिस्ने खोला कुलो निर्माण | २५ लाख | |
| ११ | कुलुङ स्वास्थ्य चौकी भवन निर्माण | २५ लाख | |
| वडा नं.१ कुलुङ | | | |
| क्र.स. | आयोजनाको नाम | अनुमानित लागत | |
| १ | कुलुङ सामुदायिक भवन निर्माण | २५ लाख | |
| २ | विरेन्द्र मावि खेलमैदान प्यारापिट निर्माण | २५ लाख | |
| ३ | घुमाउने गौडेनी सडक ग्रावेल तथा कालोपत्रे | १ करोड | |
| ४ | कात्तिके मझुवावेसी गौडेनी अग्राखे हुँदै गाउँपालिकासम्म पक्की सडक निर्माण | १ करोड | |
| ६ | काभ्रे चौतारे आग्रीगाउँ अग्राखे डाँडागाउँ सिंचाइ | २५ लाख | |
| ७ | वडा भित्र आप तथा सुन्तला खेती विस्तार | २५ लाख | |
| ८ | प्रहरी चौकी भवन निर्माण | २५ लाख | |
| ९ | वडा नं. १ शवमार्ग गोरेटो बाटो निर्माण गौडेनी | २५ लाख | |
| १० | कुलुङ क्याम्पस खेलमैदान निर्माण | २५ लाख | |
| वडा नं. ३ चौकीडाँडा | | | |
| क्र.स. | आयोजनाको नाम | अनुमानित लागत | |
| १ | तल्लो घलेगाउँ हुँदै सिस्ने कटहरे सम्म लाने विजयखर्क सिंचाइ योजना | २५ लाख | |
| २ | तालखर्क साल्पापोखरी निर्माण | ५० लाख | |
| ३ | तिनतामा देखी पाइदुरे हुँदै तल्लो ताल जाने | १ करोड | |

| | | | |
|---|---|---|---|
| | मोटरबाटो ट्र्याक ओपन | | |
| ४ | वडा कार्यालय हुँदै ओखे कारी जोड्ने सडक निर्माण | १ करोड | |
| ५ | पेमा छ्योलिङ गुम्बा निर्माण | २५ लाख | |
| ६ | जुगे खानेपानी योजना | २५ लाख | |
| ७ | सिस्ने वेसी खानेपानी योजना | २५ लाख | |
| ८ | हिमालय आधारभुत विद्यालय भवन निर्माण | २५ लाख | |
| ९ | जाल्पा मा.वि.भवन निर्माण | २५ लाख | |
| १० | तालखर्क डेलिढुंगा जाने गोरेटो बाटो निर्माण | २५ लाख | |
| ११ | चौकीडाँडा खेल मैदान निर्माण | २५ लाख | |
| १२ | बेङ्गुवा खोला देखी खाटाम्मा जोड्ने झोपु निर्माण | २५ लाख | |
| १३ | चौकीडाँडा वडा कार्यालय सभाहल निर्माण | २५ लाख | |
| १४ | वडा कार्यालयदेखी तालखर्क मोटरबाटो स्तरउन्नती | १ करोड | |
| १५ | कृषि जन्य उत्पादन कोल्ड सेन्टर निर्माण | २५ लाख | |
| १५ | वडा कार्यलय देखी पियोक जोड्ने सडक निर्माण | ५० लाख | |

## निर्णय नम्बर ५ (पाँच)

कोशी प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयको प.सं. ०८२/०८३ चलानी नं. ८८२ मिति २०८२/११/२८ गतेको परिपत्र अनुसार कोशी प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि २०८१ को दफा ३ बमोजिम यस गाउँपालिकाबाट देहायको प्राथमिकताक्रमको आधारमा निम्न योजनाहरु प्रदेश समपूरक अनुदानको लागि माग गर्ने निर्णय गरियो ।

**प्रदेश समपुरक अनुदान तर्फः**

| क्र.सं. | आयोजनाको नाम | क्षेत्र | ठेगाना | कुल बजेट | प्रदेश समपुरक अनुदान | गाउँपालिका |
|---|---|---|---|---|---|---|
| १ | दोभाने-सालेवा-याङ्मा-ओखरबोटे हुँदै खोटाङ मोटरबाटो स्तरउन्नती तथा निर्माण (क्रमागत) | पुर्वाधार | वडा नं. ६ | २ करोड | १ करोड ६० लाख | ४० लाख |
| २ | कृषि चिस्यान केन्द्र (कोल्ड सेन्टर निर्माण) | आर्थिक विकास | गा.पा. | २ करोड | १ करोड ६० लाख | ४० लाख |
| ३ | फेदी-च्याक्सिला-विलमाटे-सोलु मोटरबाटो स्तरउन्नती तथा निर्माण | पूर्वाधार | वडा नं. ५ | २ करोड | १ करोड ६० लाख | ४० लाख |

CamScanner

## निर्णय नम्बर ६ (छ)

ऐतिहासिक गोथेबजार खेलमैदान निर्माणका लागि उपभोक्ता समितिसँग भएको सम्झौता बमोजिम भएको निर्माण कामको बारेमा दुवै पक्षलाई गाउँपालिका कार्यालयमा झिकाई (मितेरी युवा क्लब र ऐतिहासिक गोथेबजार संरक्षण तथा व्यवस्थापन समिति) सँग ७ दिन भित्र छलफल तथा आवश्यक समन्वय गरी २०८३ बैशाख १५ गते भित्र कार्यपालिका बैठकमा पेश गरि भुक्तानीका लागि आवश्यक निर्णय गरि भुक्तानी दिने।

## निर्णय नम्बर ७ (सात)

स्वास्थ्य चौकी कुलुङमा रहेको एक्स-रे सेवा सुविधाका निरन्तरता राख्न स्वास्थ्य चौकीमा रहेको बिग्रिएको एक्स-रे मेसिन मर्मत तथा खरिद गरी सञ्चालनको प्रवन्ध मिलाउने ।

## निर्णय नम्बर ८ (आठ)

साल्पासिलिछो गाउँपालिकाको तर्फबाट जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता २०८२ मा सहभागि हुनका लागि गाउँपालिकाबाट रु. २०००००/- मात्र विनियोजन भएकोमा विनियोजित रकम अपुग भएको हुनाले गाउँपालिकाको प्रारम्भिक बाल विकास सहजकर्ता कार्यशाला अनुदानमा विनियोजन भएको ३०००००/- मध्येबाट रु. ५००००/- थप गर्ने ।

## निर्णय नम्बर ९ (नौं)

साल्पासिलिछो गाउँपालिकाको मध्यम तथा सामान्य अपाङ्गता भएको व्यक्तिको प्रोत्साहन कार्यक्रम सम्बन्धी कार्यविधि २०८२ पारित गरियो ।

## निर्णय नम्बर १० (दश)

साल्पासिलिछो गाउँपालिका वडा नं. ६ को थुम्लुङ जोने थुम्लुङ खोलामा वेलिवृज निर्माणका लागि भोजपुर नगरपालिकाबाट रामप्रसादराई गाउँपालका जाने पिखुवा खोलाको वेरे दोभानमा रहेको वेलीवृज स्थानमा पक्की पुल निर्माण भइ हाल प्रयोग विहिन रहेको बुझिएको हुदा उक्त वेलीवृजलाइ लागि सम्बन्धित निकायमा पत्राचर गरी गाउँपालिकामा ल्याउन पहल गर्ने ।

## निर्णय नम्बर ११ (एघार)

- साल्पासिलिछो गाउँपालिका कार्यालय अन्तर्गत स्वास्थ्य चौकी कुलुङमा सञ्चालनमा रहेको एम्बुलेन्स सेवाको बारेमा एम्बुलेन्स सञ्चालन समितिबाट आगामी कार्यपालिका बैठकमा आय-व्यय सहितको प्रतिवेदन पेश गर्ने ।
- स्वास्थ्य चौकी कुलुङमा सञ्चालनमा रहेको ल्याव सेवाका लागि केमिकल खरिद गर्न अपुग भएको हुनाले केमिकल खरिद गर्नका लागि आवश्यक रकमको व्यवस्था गर्ने ।
- आ.ब. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार वडा नं. २ को कृषि लक्षीत कार्यक्रम अनतर्गत रु. ४०००००/- लाई
  - अंगुर, आप, लिचि को बिरुवा खरिद गर्न रु. २०००००/-
  - कृषिका लागि विषाधी छर्किने अपकरण खरिद गरी वितरण गर्ने रु.२०००००/-

- सामुदायिक महिला स्वयम् सेविकाहरुलाई आ.व. २०८२/०८३ मा चाडपर्व खर्च बापत पालिकाको मौज्दात उपयुक्त खर्च शिर्षकबाट प्रति व्यक्ती रु. ६०००/- उपलब्ध गराउने।
- साल्पासिलिछो गाउँपालिका वडा नं. १ मा प्राविधिक कर्मचारी नभएकोले काम कारवाहीमा बाधा परेको/ कार्यालयबाट ई. सेवाको प्राविधिक कर्मचरी खटाउन नसकेको हुदा समस्या उत्पन्न भइ कामबाहीमा बाधा परेको हुदा साल्पासिलिछो गाउँपालिका वडा नं. १ स्थायी घर भएका ई. जगदीश रोकाहालाइ ईन्जिनियर अधिकृत छैटौ तहको सेवा सुविधा पाउने गरी दैनिक ज्यालादारीमा नियुक्ती गरि कामकाजमा लगाउने ।
- शिक्षा शाखा प्रमुखलाई खाइ पाइ आएको सेवा सुविधाको २५ प्रतिशत प्रोत्साहन उपलब्ध गराउने ।